# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## (तैंतिसौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण
### मिति : २०७६/०४/२० गते, अपरान्ह १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १६ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, शून्य समय प्रारम्भ हुन्छ ।
शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु ।
निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको नाम प्राप्त नभएकाले शून्य समय यहिं समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ–आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री चन्द्र बहादुर बुढा । समय १५ मिनेट ।

**माननीय चन्द्र बहादुर बुढा**

माननीय सभामुख महोदय यति बेला मुलुक अविरल वर्षासँगै भएको क्षतिबाट आक्रान्त छ र यसै सन्दर्भमा यही साउन १९ गते बेलुकीदेखि २० गते विहानसम्म आएको अविरल वर्षाको कारण तमान खोला गाउँपालिका वडा नं. ४, लामेमेलामा बाढी पहिरोको कारण तीन जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा चन्द्र कुमारी श्रीपाली, असारी श्रीपाली र प्रविण श्रीपाली तीन जनाको मृत्यु भई सकेको छ र त्यहाँ चाँहि सात जना भन्दा बढी घाइते हुनुहुन्छ र तीन जना अलि सिकिस्त हुनुहुन्छ र त्यहाँ तीन वटा घर क्षतिग्रस्त भएको छन् भने दस वटा घर उच्च जोखिममा रहेको छ। त्यसो भएको हुनाले उक्त बाढि पिडित भएको स्थानमा घाइतेहरुको उद्धार, राहतको उचित व्यवस्थापन गर्नका लागि म प्रदेश सभा मार्फत माननीय सभामुख मार्फत सम्बन्धित निकायमा म विशेष ध्यानाकर्षण गर्न चाहन्छु। त्यस्तै गरेर यो अविरल वर्षासँगै गत वर्ष ढोरपाटन नगरपालिका र बढिगाड गाउँपालिकाको सिमानामा ठूलो पहिरो गएको थियो र त्यो पहिरोद्वारा नदी थुनिन गई त्यहाँ ताल बनेको थियो। तुरतुरे ताल भनेर यो वर्षाभरी सायद निकै चर्चित रहने गयो र त्यहाँ ढुङ्गाको व्यवस्थापन र अरु पर्यटकहरु जाने स्थिति पनि भयो तर दुर्भाग्यवश आज राति त्यो ताल फुटनाले नदिको तटीय क्षेत्रमा रहेको बस्तिहरु उच्च जोखिममा रहेको र मध्य पहाडी लोकमार्ग करिब दुई सय मिटर क्षतिग्रस्त भएको छ। त्यसो भएको हुनाले पश्चिम बाग्लुङ्ग, तमान

खोला गाउँपालिका, ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिकामा अहिले आवत जावत ठ्प्प छ। त्यहाँ गत वर्ष पनि हामीले सदनमा कुरा उठाएका थियौं। त्यसलाई त्यो काललाई उचित व्यवस्थापन गर्न पर्छ भनेका थियौं तर अहिलेसम्म हुन सकेन र अहिले यो टावरद्वारा नै फेरि पश्चिमको सबै भूगोल नाकाबन्दीमा परेकोछ। यसको पनि उचित व्यवस्थापनको लागि त्यो मध्य पहाडी लोकमार्ग अहिले तत्काल बन्ने अवस्था नरहेको हुँदा अहिले वैकल्पिक सडक, वैकल्पिक मार्गको रुपमा ठूलावेसीदेखि लिएर बलगास मालारानी हुँदै रामकोट, देवीस्थान बुर्तिबाँङ्ग पुग्ने बाटोलाई यो प्रदेश सरकारले उचित व्यवस्थापन गर्नुपर्छ भन्ने म विशेष आग्रह गर्न चाहन्छु र त्यसको साथ साथै आवश्यक पूर्वाधार नभएको कारण ढोरपाटनको उत्तरगंगा नदिले वर्षेनिपिच्छे मान्छेहरु बगाउने गर्छ र यो वर्ष पनि गत साउन ८ गते दुई जना मान्छेहरु त्यहाँ बगाई सकेपछि मृत्यु भएको छ - मन बहादुर बिक र सेते विक। सेते विकको शव अस्ति मात्र प्राप्त भएकोछ। त्यो उक्त स्थानमा उचित पूर्वाधारको माग पनि भएको थियो त्यसको पनि उचित सम्बोधन भएको छैन। त्यसको पनि उचित त्यहाँ पूर्वाधार निर्माणको लागि म माननीय सभामुख मार्फत सम्बन्धित निकायमा विशेष आग्रह गर्न चाहन्छु र यी समग्र जो परिघटनाहरु भएका छन् यसको तत्काल प्रदेश सरकारको अपनत्व हुने गरिकन अहिले धेरै प्रकारको क्षतिहरुको प्राकृतिक प्रकोपहरुको विषयहरु उठाएका छौं तर प्रदेश सरकारले पहलकदमी लिने त्यो अवस्था हामीले देखेका छैनौं यो भई रहेको छैन र यसको अन्त्य गर्नु पर्छ र हामीले राहतको भनेर केन्द्रीय संघीय मार्फत केही राहत उपलब्ध गराउँछौं अहिले प्रदेश सरकार राहत दिने अवस्थामा छैन। प्रदेश सरकारले उचित व्यवस्थापन गर्ने गरी चाहे त्यो आवासको होस चाहे अरु पूर्वाधारको सन्दर्भमा होस व्यवस्थापन गर्ने गरी प्रदेश सरकार इच्छुक रहेको हामी पाउँदैनौं। यसको निमित्त पनि म विशेष आग्रह गर्न चाहन्छु कि सभामुख मार्फत यसको पनि उचित व्यवस्था गर्न पहल गरोस् । म यी कुराहरु राख्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी । समय ५ मिनेट ।

## माननीय प्रकाशचन्द्र दवाडी

सभामुख महोदय, गोरखाको लुइटेङ्ग भञ्याङ्ग सिरानचोक भच्चेक खण्ड पिच हुँदै उक्किने गरेको छ। ठाउँमा सडक नै चर्किएको छ। महिना दिन नबित्दै ग्याबिन वाल लगाएको ठाउँ तुरन्त भत्किएको छ। यसमा म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। गोर्खाली रबर उद्योग संचालन विषय मैले पटक पटक विषय उठाएको थिएं। सरकारको ध्यानाकर्षण गराउने काम गरेकै थिएं। यस विषयमा अर्थ तथा विकास समितिले पनि उद्योग मन्त्रीसँग जवाफ मागेको थाहा पाएको छु। दवाबमा पछिल्लो अपडेट थाहा भएको छ। मन्त्रालयबाट कति भन्नु पर्ने हो। कति मन्त्रीज्यूले भन्नु पर्ने हो मलाई थाहा भएन। मलाई लागेको छ कत्तिको यो मलाई थाहा छैन भन्ने कुरा निकम्मा हौ कि जस्तो मलाई लागेको छ। विकास समितिले त्यसको स्थलगत अध्ययन नै गरी यसरी चलाउन सकिन्छ भनेर प्रतिवेदन नै बुझाएको अवस्थामा प्रदेश सरकारले केन्द्र सरकारसँग के माग्यो ? मन्त्रीको जवाफ दिनु पर्छ कि पर्दैन? सभामुख महोदय, प्रदेश सरकारबाट बजेट विनियोजन भएर संचालनमा रहेका योजनाहरुको अवस्था के छ? प्रदेश सांसदहरुलाई थाहै नदिइकन योजनाहरु फछ्र्यौंट भएको छ सभामुख महोदय। त्यो न्यायोचित हो र? आज सरकार बनेको दुई वर्षको बजेट सिद्धि सक्यो यस बारे सरकारले सदनमा जानकारी गराउनु पर्छ कि पर्दैन? हरेक माननीयज्यूहरुले कुरा उठाउनु हुन्छ। त्यसको कहिले पनि प्रष्ट जवाफ आएको छैन सभामुख महोदय, सरकार जनताको अभिभावक हो। आलटाले जवाफ दिएर सरकारले अभिभावकत्व निभाउन सकेको छैन यसमा सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। गोरखाको पालुङ्गटार बजार आज पिडामा छ किनभने आज त्यहाँ रहेको बजारमा एउटा हाइटेन्शन तार चाँहि हाइटेन्शन लाइन बजारबाट बिचमा मुख्य बजारबाट क्षेत्रबाट विस्तार गर्न तयारी हुँदैछ सभामुख महोदय। तत्काल प्रदेश सरकारले त्यसको नेतृत्व लिएर बजार क्षेत्रबाट विस्तार नगरी अन्य वैकल्पिक ठाउँबाट लाइन विस्तार गर्न निर्देशन दिइयोस् भन्न चाहन्छु। पालुङ्गटारबाट स्मार्ट सिटी बनाउने बनाउने कुरा गर्दागर्दै पनि अव्यवस्थित विद्युत विस्तारले त्यो जनतालाई लाभ प्राप्त हुन्छ र ? सभामुख महोदय, सरकारले आर्थिक संमृद्धिको मूल आधार पर्यटन मानी रहँदा बारपाक सुलीकोटमा रहेको तामाखानी, सीता गुफा, अजिरकोटको तामाखानी, सिरान डाँडाको

चिया बगान, धार्चेको तल्लो मनासलु पदमार्ग, राङ्गरुङ्ग बारपाक हुँदै लाप्राक जाने पदमार्ग, दुधपोखरी पदमार्ग, नागेपोखरी पदमार्ग, चुमनुब्रीको रैला नाका, पालुङ्गटारको बुढिकोट बिर्सनु हुँदैन जस्तो मलाई लाग्छ सभामुख महोदय। त्यस्तै लिगलिगिकोटमा निर्माण हुन लागेको ऐतिहासिक संग्रहालयको काम बेलैमा शुरु होस् । नेपाल एकीकरणको ऐतिहासिक धरोहर गोरखा दरबार भुकम्प गएको बेलादेखि खण्डिकृत भएर बसेको छ। गोरखा दरबारको ठेक्का लिने तर सरकारको दम्भमा अहिलेसम्म अगाडी बढाउन नदिएको सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। तुरन्त त्यस निकायलाई त्यहाँ भएको जसले लिएको छ त्यहाँ छानबीन गरियोस् भन्ने माग गर्न चाहन्छु। त्यस्तै बाह्र किलो बारपाक लाप्राक सडक खण्ड पटक-पटक म्याद थप गरेर अहिले सम्म मोटरबाटोको पिचबाटो अगाडी नबढेको सरकारले, गण्डकी सरकारले तुरन्तै यो निर्माण व्यवसायीको ठेक्का कसले लिएको छ तुरन्तै छानबीन गरेर कसरी प्रकृया अगाडी बढछ कसरी कारवाही अगाडी प्रकृया अगाडी बढाउनु पर्छ तुरन्तै छानबीन होस् भन्न पनि चाहन्छु। बाग्लुङ्गको बढिगाड खोला गत वर्ष पहिरो जाँदा थुनिएर झण्डै दुई किलोमिटर ताल बन्यो सभामुख महोदय। गए राति त्यो ताल आफैं फुटन थालेको छ। खबर मलाई प्राप्त भएको छ। त्यसमा प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। बढिगाडको तल्लो बाग्लुङ्ग र गुल्मिको क्षेत्र माथिल्लो गुल्मिकै केही क्षेत्रका जनता त्यसको त्रासमा छन्। उनीहरुलाई तत्कालै सुरक्षित ठाउँमा सारेर जनधनको क्षति कम गर्न सरकारले तुरन्तै सुचारु गरोस्। यो सरकार आज बनेको धेरै समय हुँदा पनि सभामुख महोदय, जनतालाई आफ्नो राहत जनताले पाएको सुविधा, जनतालाई तत्काल भएको एउटा असुविधालाई तत्काल के चाँहि पहिलो प्राथमिकता रहेको छ। त्यस प्रति अलि जवाफदेही हुनु पर्छ भन्ने जस्तो लाग्दछ। सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा । समय ५ मिनेट।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, नेपालमा बर्खायाम शुरु भएदेखि पहाडी क्षेत्रहरुमा पहिरो झर्ने, बाढि पहिरो आउने, त्यसै गरी तराई क्षेत्र डुबान पर्ने अवस्था अहिलेको मात्रै होइन यो अवस्था हामीले विगतदेखि झेल्दै आई रहेको अवस्था हो। यो पिडा हो उत्पिडा यो पिडा हामीले भोगि रहेका छौं। त्यसै गरी अहिले हिजो राति परेको अविरल वर्षाका कारण कृत्रिम ताल, बाग्लुङ्गको कृत्रिम ताल भनिन्छ तुरतुरे ताल फुटन जाँदाखेरि त्यहाँबाट बाग्लुङ्ग बुर्तिबाङ्ग सडकखण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ सभामुख महोदय। उक्त क्षेत्रमा अहिले तत्काल त्यो बाटो खोल्न नसक्ने अवस्था रहेको छ। त्यसलाई वैकल्पिक बाटो खोल्नका निमित्त प्रदेश सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु र त्यसै गरी गए रातिकै पहिरोका कारण पानीका कारण अविरल वर्षाका कारण पहिरो जाँदाखेरि तमान खोला गाउँपालिका वडा नं.४ मा जुन क्षति भएको छ मानवीय क्षति भएको छ अनि भौतिक क्षति भएको छ। त्यसलाई पनि प्रदेश सरकारको विशेष ध्यान जाओस् । प्रदेश सरकारले उचित क्षतिपूर्ति दियोस् र उचित व्यवस्थापन गरोस् । ती मृत्यु हुने परिवारलाई क्षतिपूर्ति दिनु पर्छ र त्यसै गरी जुन पहिरोको कारण जोखिममा रहेको बस्ति घरहरु छ त्यसलाई तत्काल स्थानान्तरण गर्नुपर्ने आवश्यकता छ र त्यसकारण आजको सभामा मैले सभामुख मार्फत प्रदेश सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु।बाग्लुङ्ग जिल्ला पोहोर पनि बाग्लुङ्ग जिल्लाले यो नियति भोगेकै हो। पोहोर पनि ठूलो क्षति बाग्लुङ्ग जिल्लामा परेको थियो। यसपाली पनि त्यो क्षति शुरु हुँदैछ त्यसकारणले गर्दा प्रदेश सरकारले विपद् व्यवस्थानलाई अलि प्रभावकारी रुपमा अगाडी बढाउनका निमित्त मैले आजको सभा मार्फत प्रदेश सरकारलाई विशेष ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्य । समय ५ मिनेट ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, भेटिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, गोरखाले गत महिनादेखि बन्द मासु पसललाई विज्ञ केन्द्रले स्विकृत गरिएको एक लाख पच्चिस हजार रुपैयाँ मध्ये उनानत्तरी हजार एकसय चौंतिस रुपैया भुक्तानी दिएको छ।

गत माघदेखि उक्त गो.न.पा.-१०, छेपेटारको सिलुवाल फ्रेश हाउस बन्द अवस्थामा छ। भित्र पस्यो भने दुर्गन्धित छ अनि माकुरोको जालोले ढाकेको छ। यो कस्तो नीति होला सरकार? लुट तन्त्र कि लोकतन्त्र वास्तविक गरी खाने व्यक्तिले अनुदान नपाउने। अनुदान पाउनकै लागि काम गरेको देखाउने यो प्रवृत्तिको अन्त्य कहिले होला सरकार? गोरखा जिल्ला पालुङ्गटार न.पा. वडा नं. ४ निवासी लिलानाथ देवकोटाको गत असार ३० गतेको वर्षाको कारण एउटा धन्नसार, धन्नसारमा रहेको करिब २० मुरी धान, मकै लगायत अन्नपात लगायत बाख्राको खोर सबै बगाएको छ। करिब ५०० सय मिटर जमिन भाँसिएर अन्य दस घरहरु पनि जोखिममा छन्। उक्त घटनामा सात वटा खसी, चार वटा माउ बाख्रा पुरिएका छन्। यो घटनालाई पिडित देवकोटाले वडा नगरपालिकाको सिफारिस इ.प्र.का.को मुचुल्का सहित आन्तरिक मामिलामा तथा कानून मन्त्रालयमा बुझाएकोमा सि.डि.यो. कार्यालयले सिफारिस दिन मान्दैन। निर्णय भएको कुरा सिफारिस दिन कुरा मन्त्रालयले दिन मिल्दैन भनिन्छ। पिडितले गर्ने के अब? यदि अब त्यो खालको यो प्रवृत्तिले साँच्चै विपद् व्यवस्थापन समितिको मिटिङ्ग बसेर मात्रै त्यो प्रतिवेदन आउनु पर्ने अथवा त्यो रिपोर्ट आउनु पर्ने भनेर सि.डि.यो. कार्यालयले भनिन्छ अनि आन्तरिक मामिला मन्त्रालयले त्यो कुरा खोज्ने अनि कसरी पिडितले राहत पाउँछ त्यो मैले बुझ्न सकेको छैन। म विशेष गरी मन्त्रीसँग, मन्त्रीज्यूसँग सभामुख मार्फत यो जवाफ माग्न चाहन्छु र पालुङ्गटार नगरपालिकालाई सिधै बिचमा चिरेर एउटा दोर्दि हाइड्रो पावरको एउटा हाइटेन्शन लाईन जाँदैछ जसले करिब चौध किलोमिटरलाई बिचमा चिरेर जो दायाँ पचास बाँया पचास मिटरमा त्यो कुनै पनि संरचना बनाउन पाइदैन। आज पालुङ्गटार नगरपालिका एउटा स्मार्ट सिटिको घोषणा गरिदैंछ तर पालुङ्गटार नगरपालिकामा यदि त्यति करिब चौध किलोमिटर जो खण्ड छ त्यो चौध किलोमिटरलाई बिचमा चिरेर लग्दाखेरि त्यसको स्थिति स्मार्ट सिटि बन्छ या कुरुप सिटी बन्छ के बन्छ मलाई थाहा छैन। विशेष गरी सरकारले यसको ध्यानाकर्षण गर्न चाहन्छु र मैले अर्को विषय जो गत असार र श्रावण महिनामा हाम्रो प्रदेशको गोरखा, बाग्लुङ्ग, लम्जुङ्ग जो हिजो मात्रैको बाग्लुङ्गको घटना लगायतका जिल्लामा मानवीय पशु चौपाया घर गोठ क्षति हुनेगरी बाढी पहिरोले सताई रहेको छ। माथिल्लो दोर्दि हाइड्रो पावर छिट्टै सम्पन्न हुने योजना अरु थप एक वर्ष लाग्ने बनाई दिएको छ। भौतिक संरचना भत्किएका छन्। जनता अहिले पनि पानीको कुँवामा कुकुरले पौडि खेलेर प्यास मेटाईरहेका छन् । हेर्नुस त जनताको यो गति तर हामी जनप्रतिनिधिहरु सुविधाको मोल मोलाई गरेर बस्ने। हामी भित्र मानवीयता हराएर दानवीयता चढदै गएको हो। के सरकार यस्ता घटनाबाट बेखबर बन्दै गएको हो? हाम्रो प्रदेशका मुख्यमन्त्री करिब एक करोड पच्चासी लाख पर्ने टोयोटा फर्चुन गाडी चढनु हुन्छ। कस्ले कस्ता गाडी चढने प्रतिस्पर्धा छ यहि देश होइन प्रधानमन्त्रीले बाइस लाखको मुस्ताङ्ग म्याक्स गाडी चढेर हिडेको। हुन त हिजो राजाले गाडी चढथे शान देखाउन घोडा चढथे आज हाम्रो राष्ट्रपति हेलिकप्टर चढछन् यो शान देखाउनको लागि हो कि, रहर हो कि? अथवा यहि रहर नै हो भने यदि रहर नै हो भने एउटा विमान वाहकका लागि सबै जनताले सहयोग गरेर हामी किनौंला? बाढिले दिनदिनै दर्जनौं ं घटना घटि रहेका छन्। करौंडो धनमालको क्षति भई रहेको छ। हजारौं व्यक्तिहरु बेघरबार भएकाछन्। के यस्तो बेलामा हामी सुविधा कति लिने? कसरी लिने? कस्तो लिने? भनेर मोल मोलाई गर्ने कि आफूले लिने सुविधा पनि कटाएर पिडामा छटपटाई रहेकाहरुलाई मरहम पट्टि लगाउने ? थोरै पनि मानवीयता हुनेले सोच्नुपर्ने बेला हो। त्यसैले सरकारले ल्याएको पारिश्रमिक तथा सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक तत्काल फिर्ता गर्न सरकारसँग जोडदार माग गर्दछु। धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मन कुमारी गुरुङ्ग । समय ६ मिनेट ।

## माननीय मन कुमारी गुरुङ्ग

माननीय सभामुख महोदय, गोरखा जिल्लाको क्षेत्र नम्बर दुईको मेरुदण्डकै रुपमा रहेको द्रव्यशाह राजमार्ग पिच कार्य भई रहेको छ तर भत्किदैं गएको अवस्था पनि छ। क्षेत्र नम्बर दुईको दक्षिणी बेल्ट उत्तरि बेल्ट जोडिएको उक्त सडक च्युरिबोट र तार्केडाँडा भन्ने ठाउँमा पहिरोको कारण बिस पच्चिस दिन गाडी बन्द भएर हाल चार पाँच दिन मात्र भयो थोरै गाडी पास गर्न मात्र सफल भएको छ। भर्खरै मात्र पिच भएको सडकमा ठूलो समस्या देखिएको छ। पिच गर्ने क्रममा माल थुपारिएको

ठाउँमा वाल नउठाइकन पिच गरेको हुनाले र ठेकेदारको हेलचक्राईले ठाउँ ठाउँमा भत्किदैं गएको जनगुनासो रहेको छ। उक्त सडक निर्माणाधिन अवस्थामा रहेको हुनाले सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। त्यसै गरी दुधपोखरी मार्गको डाँडाखोरिया भन्ने ठाउँमा ठूलो पहिरो गएर त्यहाँको सडक पनि अस्त व्यस्त भएको छ। जनता बिच्चलीमा परेको छ। उक्त पहिरोलाई हटाई सडक सञ्चालनमा ल्याउन सभामुख मार्फत म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। त्यसै गरी अर्को सडक सिरानचोक पालिकाको वडा नम्बर ३ को कार्यालयदेखि चम्पावती मा.वि. सम्मको बाटो पहिरो गएर, रुख ढलेर त्यसै अस्त व्यस्त अवस्थामा छ। त्यसलाई पनि तत्काल पन्छाउन सभामुख मार्फत गण्डकी प्रदेशलाई सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। त्यसैगरी खार खोला, मण्डेपुलबाट चेपे खोला, खार खोला दोभानमा बाढि आएर सिरानचोक गाउँपालिकाको वडा नम्बर २ र ३ को बिचको फाँटको धानखेति क्षति भएको छ। उक्त उचित राहतको व्यवस्था गरियोस्। सिरानचोक गाउँपालिकाको मुँगे बजार जाने डिखोला झोलुङ्गे पुल खार खोलाको बाढिले भाँच्चिएको छ उक्त झोलुङ्गे पुल तत्काल निर्माण गरियोस। त्यसै गरी दरौंदी लुधी खोला भुसुण्डे ज्यापु सबैमा तटबन्धन लगाउन आवश्यक देखिएको हुनाले सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। त्यसै गरी बाह्र किलो भालु सडक बारपाक सडक चार वर्ष भई सक्यो निर्माणाधीन अवस्थामा रहेको यो सडक ठेकेदारको कारण काम हुन सकेको छैन। पटक पटक पैसा रकम फ्रिज भएको छ। उक्त सडक छिटो भन्दा छिटो काम सुचारु गरियोस् भनी सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। गण्डकी प्रदेशको सम्पत्तिको रुपमा रहेको गोरखाको ऐतिहासिक दरबार साढे दुई वर्षमा सम्पन्न गर्नु पर्ने तर अहिले सम्म एक फिट मात्र जग उठाइएको छ। यो किन काम हुन सकेको छैन? यसले पुरै गोरखा बजारको व्यापारमा सवाल उठाएको छ। त्यसैले सभामुख मार्फत सभालाई ध्यानाकर्षण गराउनु चाहन्छु। साथै चार नम्बर प्रदेशमा रहेका उद्योगहरु जति पनि बन्द भएका छन्। त्यसलाई तत्काल संचालनमा ल्याइयोस् र अन्तमा यो स्टाफ नर्सहरुको लागि हस्पिटलमा सबै ठाउँमा नर्सिङ्ग कोटा धेरै छ र बि.एस.सी. नर्स गर्नेहरु वर्षेनि विदेशीएको अवस्था छ र नर्सिङ्ग अफिसरको कोटा एकदमै सिमित रहेको छ र यो कोटा बढाउनको लागि पनि सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउँदै विदा हुन्छु। हस् धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री सरिता गुरुङ्ग । समय ४ मिनेट।

## माननीय सरिता गुरुङ्ग

माननीय सभामुख महोदय, काठमाडौं पोखरा पृथ्वीराजमार्गको सडक अवस्थाबारे जानकारी गराउन गई रहेको छु। सभामुखज्यू, प्रदेश सरकारले २०१९ लाई आन्तरिक भ्रमण वर्ष, २०२० लाई छिमेकी भ्रमण वर्ष र २०२२ लाई अन्तरराष्ट्रिय भ्रमण वर्ष मनाई बिस लाख पर्यटक भित्राउने उद्देश्य भई राखेको अवस्थामा मुग्लिङ्ग कोत्रे सडकखण्डको अवस्था ज्यादै नाजुक छ। त्यहाँ पानी बढदै हिलाम्यै र घाम लाग्दै धुलामय हुने गर्छ। धुँवा र धुलो र बाटोको अवस्था ज्यादै नाजुक र खाल्डाखुल्डी भएको कारणले यात्रुले धेरै सास्ती भोग्नु परि रहेको छ र जस्तै त्यो मैले मात्रै नहेरिकन सबैलाई त्यो आवश्यकता पक्कै पनि हुन्छ होला। दुईवटा गाडी दोहोरो हिंडि रहेको हुन्छ। बिच बिचमा मोटर साइकल, स्कुटी, स्कुटर हिंडदाखेरि त्यो खाडलमा पस्दाखेरि सबै एउटै ठाँउमा धुलो हुने हो कि? स्कुटीको मान्छे र स्कुटर र मोटरसाइकलको भन्ने आँखा चिम्लम के गरौं भन्ने अवस्था त्यहाँ छ। यस्तो बाटोको हालत बेहाल भई रहने अवस्थामा हामीले अब यो अन्तरराष्ट्रिय भ्रमण वर्ष २०२२ ले मनाउँदाखेरि के यो सडक आजै बनाउनु पर्ने होइन र? हामी खाली काठमाडौंबाट हवाई मार्गबाट त पक्कै आउने होइन होला। हाम्रो देश एउटा विविधताले भरिएको हो एउटा प्राकृतिकले छाएको देश। नदि नाला डाँडा काडाँ देखाउँदै आउँदा त पर्यटकहरु बसको यात्रा पनि पक्कै गर्छ होला गाडीको यात्रा पनि। त्यसैले यो सडक छिटो भन्दा छिटो सुधार्न म प्रदेश सरकारलाई अनुरोध गर्दछु र सँगै यहाँ बिरामी वृद्ध नागरिकहरुलाई ज्यादै कठिनाई छ। बाटोमा घङ्गच्याङ्ग घुनचुङ्ग हुनी र हामी पहिला पोखरा-दमौली पौंने घण्टा ४५ मिनेट एक घण्टामा वारकोपार हुने गर्थ्यौं भने अहिले हामीलाई दुई घण्टामा पोखरा आईपुग्न हम्मे हम्मे परेको छ। त्यसैले मैले यो यहाँलाई यो प्रदेश सरकार मार्फत प्रदेश सरकारलाई यो सडक छिटो भन्दा छिटो मर्मत होस् र यो बाटोको सुधार होस् भन्ने अनुरोध गर्दछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण बहादुर थापा । समय १५ मिनेट।

### माननीय कृष्ण बहादुर थापा

माननीय सभामुख महोदय,  हाम्रो नेपाल सरकारले गरेको निर्णय अनुसार सबै नागरिकहरुले यो प्यान नम्बर विशेष गरेर पर्मानेन्ट एकाउण्ट नम्बर बारे जुन सरकारको यो किनकि एकदमै राम्रो छ। यसले सरकारलाई हामी सबै नागरिकहरुलाई करको दायरामा ल्याउने या हाम्रो आर्थिक संमृद्धिको लागि धैरै नै सहयोग पुग्ने विषय छ। यो एकदमै राम्रो छ। यसको हामी सबैले हार्दिक स्वागत गर्न चाहन्छौं। त्यति हुँदाहुँदै पनि हाम्रो अरु ठाउँको पनि समस्या होला। हाम्रो प्रदेशमा यो प्यान नम्बर लिनको लागि जुन हाम्रो जिल्लाका नागरिकहरु सदरमुकाममै आउनु पर्ने एक खालको बाध्यात्मक अवस्था छ। तसर्थ यसलाई नागरिकहरुलाई दिइने सेवा सुविधामा एकदम सर्वसुलभ र सजिलो बनाउनको लागि हाम्रो सरकारको तर्फबाट ध्यान जान आवश्यक छ। तसर्थ संघ, संस्था वा कुनै कार्यालय या सम्बन्धितले दिएको सिफारिसको आधारमा वा हामीले एक खालको अहिलेको प्रविधिलाई नै प्रयोग गरेर आफ्नै ठाउँबाट त्यो सेवा सजिलो ढंगले लिन सकौं त्यस तर्फ हाम्रो सरकारको ध्यान जान आवश्यक छ र त्यसलाई सर्वसुलभ सहज रुपमा आई ती फ्रेण्डली बनाउनु पर्छ भन्ने मैले सभामुख मार्फत सम्बन्धित मन्त्रालयबाट सम्बन्धित निकायको सुझाव जान्न आवश्यक छ भन्ने मेरो एउटा सुझाव छ र अर्को हाम्रो गण्डकी प्रदेशको राजधानी पोखराको पनि छेउछाउमा धैरै नदिहरु छन्। त्यसमा विशेषत: सेती नदिले धैरै नै नोक्सान पुऱ्याई रहेको अवस्था छ। सेती नदिको सवालमा करिब करिब ९०-८५ को जर्मन जुलोजिस्टहरुले गरेको रिसर्चले यसको दायाँ बायाँको ६५ मिटर एकदम जोखिम छ भनेर भनिएको छ। तसर्थ त्यो क्षेत्रमा रहेका नागरिकहरुलाई समयमा नै नागरिकहरुको सुरक्षाको लागि सम्बन्धित निकायले त्यो व्यवस्था गर्न अति आवश्यक छ भन्ने सभामुख मार्फत मैले सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद ।

### माननीय सभामुख

माननीय सदस्यहरु,  बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७६ साल साउन १९ गते सभामा प्रस्तुत भएको ‘‘गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक’’ माथी विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

### माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन १९ गते प्रस्तुत भएको गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

### माननीय सभामुख

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्छ’’ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्न’’ भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले  ‘‘हुन्छ’’ भन्नुहोस् ।
(‘‘हुन्छ’’ भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्न’’ भन्नुहोस् ।
(‘‘हुन्न’’ भन्ने आवाज आएन)

"हुन्" भन्ने आवाज सुनिएन, तसर्थ "गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब "गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको ेसैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु। छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।

सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुख महोदय, यस पटक देशको धेरै ठाउँमा बाढि पहिरोको कारणले धेरै जनधनको क्षति भएको छ। नेपाली दाजुभाई दिदी बहिनीहरुले धेरैले ज्यान गुमाउनु परेको छ र ज्यान गुमाउने सबै नेपाली दाजुभाई दिदी बहिनीहरु प्रति म हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु र मृत आत्माको चिर शान्तिको लागि भगवानसँग प्रार्थना गर्न चाहन्छु। सभामुख महोदय, आज नागपंचमीको दिन पनि हो। हाम्रो संस्कार अनुसार आजको दिनबाट हामी एउटा हिंउँद लागेको त्यो भन्ने गरिएको छ र यो नागपंचमिको सुखद क्षणमा सबै सभासदहरुलाई शुभकामना व्यक्त गर्न चाहन्छु र यो श्रावण महिनाको पहिलो हप्ता हामी सबै नेपालीहरुको लागि एक खालको खुशी एक खालको गर्वको यो समय पनि हो। जसमा नेपालको लोकतान्त्रिक आन्दोलनका नायक कमरेड पुष्पलाल र त्यस्तै गरेर अर्का नायक कमरेड बिपिलाई पनि हामीले यो महिनामा धेरै सम्झन चाहन्छौं र मैले पनि अहिले स्मरण गर्न चाहन्छु र हाम्रो टियुको करिब करिब इतिहास हेर्नु हो भने सात दशक लामो र काठमाडौं युनिभर्सिटीको इतिहास हेर्ने हो भने दुई दशक लामो छ तर बेलायतको अक्सफर्ड यूनिवर्सिटीको इतिहास हेर्ने हो भने करिब बाह्रौं सताब्दिमा नै त्यो यूनिभर्सिटी स्थापना भएको पाइन्छ सायद त्यही भएर होला केही वर्ष अगाडी बिबिसिले सोधेको अन्तरवार्तामा तत्कालीन बेलायतको प्रधानमन्त्रीको भनाई बेलायत कसरी एउटा संमृद्ध भयो? कसरी यो धनी भयो? भन्ने सवालमा उहाँको जवाफ एउटा मात्रै थियो शिक्षा, शिक्षा र शिक्षा। तर हाम्रो देशको इतिहासमा यूनिभर्सिटीको इतिहास त्यति धेरै लामो देखिदैंन। सभामुख महोदय, संविधानको धारा १९८ को उपधारा १ बमोजिम हाम्रो गौरवशाली प्रदेश, गण्डकी प्रदेशले संविधान अनुसार गण्डकी विश्वविद्यालयको स्थापना व्यवस्थापन र संचालन गर्न बनेको विधेयक हाम्रो यो सम्मानित सभामा टेबल भएकोछ र आज हामीले यसलाई पास पनि गरिसकेका छौं र यो बारेमा हाम्रा केही विचारहरु हामीले यहाँ राख्दै छौं। सर्वप्रथम यो विधेयक प्रति म र मेरो पार्टीको तर्फबाट पूर्ण समर्थन रहेको म यहाँ जानकारी गराउन चाहन्छु र त्यसको साथसाथै यसका केही प्रावधानहरुको बारेमा म यहाँ थोरै भन्न चाहन्छु। हाम्रो यहाँ प्रस्तुत भएको यो गण्डकी विश्वविद्यालय स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक हामी सबै सभासदज्यूहरुको हात हातमा हामीले केही समय अगाडी पाएका छौं। हामी सबैले केही नकेही यसको अध्ययन गरेका छौं र यसको दफा ८ को उपदफा ७ उल्लेख भए बमोजिम न्यासिक परिषदले तत्काल कुनै कार्य गर्नुपर्ने भएमा र न्यासिक परिषदको बैठक सो समयमा बस्न सक्ने अवस्था नभएमा न्यासिक परिषदले गर्नुपर्ने त्यस्तो कार्यको सम्बन्धमा सबै सदस्यहरुलाई विद्युतीय माध्यमबाट जानकारी गराई तोकिए बमोजिम विद्युतीय मेल मार्फत बहुमत सदस्यहरुको लिखित सहमतिमा त्यस्तो कार्य गर्न सकिने व्यवस्थाले न्यासिक परिषदको कामकारवाहीलाई छिटो अथवा छरितो बनाउनको लागि यो एकदम अनावश्यक ढिलाई नहुने कुरालाई यसले एक खालको प्रष्ट पारेको छ। त्यस्तै गरेर दफा २३ उपदफा (२) ले गरेको व्यवस्था अनुसार उपकुलपतिको योग्यता सम्बन्धमा भएको व्यवस्थाले कुलपति प्राज्ञिक व्यक्ति नियुक्त हुँदा त्यसले विश्वविद्यालयको एउटा क्षेत्रमा टेवा पुग्ने व्यवस्था गरेको छ र यो एकदमै सराहनीय छ। त्यस्तै गरेर दफा २५ को उपदफा ४ र उपदफा ६ मा मुख्यमन्त्रीले नियुक्त गर्ने भनिएको तर उपदफा ८ मा कुलपतिलाई पदमुक्त गर्दा अपनाइने समान आधार र कार्यविधि र प्रकृया अपनाइएन भने अध्यक्षद्वारा उपकुलपतिलाई पदमुक्त गर्न सकिने छ भन्ने व्यवस्था र उपकुलपतिले तोक्दापनि

मुख्यमन्त्रीलाई एउटा हटाउँदा पनि मुख्यमन्त्री तर यसमा खास गरी उपकुलपतिको सवालमा जसले त्यहाँ त्यो उपकुलपति तोक्ने र हटाउँदा पनि यो समितिको अध्यक्षको सिफारिसमा हटाउने व्यवस्था गरेको छ। यसमा खास मैले भन्न खोजेको नियुक्ति एउटा प्रकृयाबाट हुने र हटाउने अर्को प्रकृयाबाट हुँदाखेरि केही समस्या पर्न सक्छ कि यो बारेमा सोच्न जरुरी छ। दफा ४१ को उपदफा ८ (२) मा आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कुनै अन्य कार्य गर्दा यो अन्य कार्य भनेको एक खालको नतोकिएको हुनाले यो यो बारेमा पनि सोच्नु पर्ने हो कि प्रदेश सरकारको स्विकृति लिनु पर्ने भन्ने कुराले विश्वविद्यालयको स्वशासित र संगठित हुने परिच्छेद २ दफा ४ मा उल्लेख भएको व्यवस्थालाई संकुचित गर्दछ कि यो बारेमा पनि सोच्नु जरुरी छ। दफा ४५ मा उल्लेख भएको असल नियतले काम गरेकोमा बचाउ भन्ने कुराको व्याख्या निर्धारण कसरी गर्ने भन्ने आधार अलि प्रष्ट नभएको हुनाले यो बारेमा हामी प्रष्ट हुन जरुरी छ। यो ऐनको संशोधन र खारेजीको व्यवस्था नै संशोधन र खारेजीको व्यवस्था नै नभएको हुँदा प्रस्तावित विधेयकमा उल्लेख नभएको हुँदा यो बारेमा पनि हामीले कसरी व्यवस्थित गर्ने सोच्नु जरुरी छ। यदि यो गण्डकी विश्वविद्यालय स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयकको बारेमा यि विविध विषयमा हामी यो सम्मानित सभासदहरुले पनि सोच्न आवश्यक छ। मैले आफ्नो विचार राख्दै र यो विधेयक प्रति म र मेरो पार्टीको तर्फबाट पूर्ण समर्थन गर्दै हामी सबैलाई के विश्वास छ भने कुनै दिन कुनै दिन त्यस्तो दिन आउने छ। गण्डकी विश्वविद्यालय पनि नेपालको मात्रै होइन संसारको एउटा असाध्यै महत्वपूर्ण र संसारमै एउटा नाम कहलिएको विश्वविद्यालय बन्ने छ भन्ने विश्वासका साथ यो सम्मानित सभामा हामी सबै सभासदहरु, हामी सबैले त्यो विश्वासका साथ काम गर्नु पर्छ भन्ने मलाई विश्वास लागेको छ। तद् अनुसार यसको पूर्ण समर्थन गर्दै विदा हुन चाहन्छु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय भणिभद्र शर्मा**

माननीय सभामुख महोदय, हामी विश्वविद्यालयका बारेमा अझ गण्डकी प्रदेशले अलगै बनाउन लागेको विश्वविद्यालयका बारेमा कुरा गर्न गईरहेका छौं। विश्वविद्यालय हाम्रो पूर्वीय दर्शनमा एउटा ठूलो ऋषिले आफ्नो घर कम्पाउण्डमा एउटा गाउँ बस्तीमा धेरै प्रकारका शिक्षा दिक्षा दिएर विश्वविद्यालयको भूमिका निर्वाह गरेको हजारौं हजारौं वर्ष पुराना इतिहासहरु छन्। ती गुरुकुलीय प्रणालीहरु विस्तारै विस्तारै हाम्रो पूर्वीय क्षेत्रमा मुस्लिम आक्रमण र अंग्रेजका आक्रमणबाट ध्वस्त हुँदै गए। जसले हाम्रो गौरवपूर्ण इतिहास क्षतविक्षत पनि बन्न पुग्यो र यसै सिलसिलामा विश्वविद्यालयहरु बनाइने क्रममा मोरक्कोमा अठार आठ सय उन्साठी ईस्विमा यूनिभर्सिटी अफ कार्भिङ्ग भन्ने लिपिबद्ध भएको इतिहास देखिन्छ त्यस्तै दोस्रो यूनिभर्सिटी, यूनिभर्सिटी अफ ब्लकना भन्ने इटालीमा एक हजार अठ्ठासीबाट शुरु भएको देखिन्छ र त्यसपछिको हाम्रो पूर्ववक्ता मित्रले ब्रिटिशको अक्सफोर्डलाई भन्नु भयो एघारौं शताब्दीमा शुरु भएको छ र नेपालको यूनिभर्सिटीको इतिहास अहिलेका परिभाषाले भनिने गरेका यूनिभर्सिटीको इतिहास अहिले त यूनिभर्सिटी हाम्रो अहिले ठूला शहरहरुमा ईश्वरीय विश्वविद्यालय आदि आदि यो विभिन्न धर्मसँग जोडिएका पनि थुप्रै भेटिन्छन त्यसको आफ्नै खाले हैसियत र उ होला अब नेपालमा त्रिभुवन यूनिभर्सिटी र काठमाडौं विश्वविद्यालय , पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालयहरु अस्तित्वमा छन् र यी भएका विश्वविद्यालयले सेवा प्रवाह गरी रहेको अवस्था छ र यो सेवा प्रवाहमा हामीले के के सुधार गर्यौं र ती विश्वविद्यालयले हामीलाई सेवा प्रवाह गर्दा के के कुरामा नपुग भएर अब अहिले हामीलाई नयाँ विश्वविद्यालय चाहियो यसको आम जनताले बुझ्ने गरी यसको व्याख्या हुन जरुरी छ। के नेपालको संविधानले बाध्यात्मक अवस्था सिर्जना गरेको छ? प्रत्येक प्रदेशलाई अलग्गै विश्वविद्यालय चाहिन्छ बनाउनै पर्छ भन्ने छ या हामी एकदम सम्पूर्ण अरु कुराहरुलाई पूर्वाधारका कुराहरु अरु अरु मानवीय पक्षका कुराहरु अरु खानेपानी जस्ता जनस्वास्थ्यका जल्दाबल्दा समस्याहरु आज यस्तो बाढि पहिरोले मानिसहरु असुरक्षित हुने अवस्थाबाट पार भएर अब फेरि एकदमै छुट्टै प्रकारका विश्वविद्यालयले सेवा प्रवाह गर्न नसकेको अलग ढाँचाको विश्व सेवा प्रवाह दिने विश्वविद्यालय खोल्ने त्यो अवस्थामा हामी पुग्यौं। होइन भने यो खर्चको बोझ बढाउने गरी अहिले यो अलग विश्वविद्यालय गण्डकी प्रदेशमा चाहिएको छैन। त्यस्तै हो भने त अब अर्को हाइस्कुलको एउटा हाइस्कुल पनि अटाऔं यो त अर्को उ भारछ यो चाहिन्न भन्ने क्रममा पनि बढला है। मलाई त चिन्ता लाग्न थालेको छ। यसरी सरकारले गम्भिरतापूर्वक सबै पक्षहरुको विश्लेषण नगरिकन प्रदेशमा बोझ बढाउने गरी यस्ता संरचनाहरुको शुरुवात गर्दा हामी लाभान्वित हुन्छौं कि नोक्सानमा पुग्छौं ? प्रदेशका जनता लाभान्वित हुन्छन् कि

नोक्सानमा पुग्छन् यो विवेचना गर्नु पर्नेछ। यो हाम्रो यसैको धारा १४ मा खर्च व्यवस्थापन प्रदेश सरकारले व्यहोर्ने छ भन्ने लेखेको छ। अब भवन जग्गा जमिन अरु पूर्वाधारहरु तयार गर्दा कति खर्च लाग्छ? पोखरा विश्वविद्यालयलाई सुधार गरेर हामीले गर्न चाहेका केही केही प्राविधिक जनशक्ति तयार गर्नलाई हाम्रो सपोर्ट गरेर त्यहाँ यसलाई सुधार गरे भन्न सकिन्थेन ? त्रिभुवन यूनिभर्सिटीको यति ठूलो कलेज, जुन कलेज पृथ्वीनारायण कलेज क्याम्पसमा यति ठूलो पूर्वाधारहरु त्यहाँ छन् त्यसलाई अलिकति सुधार गर्न सकिन्थेन? यहाँ विद्यार्थी घटि रहेका छन् । आज तथ्याङ्कले के भन्छ भने प्रत्येक वर्ष भएका कलेजहरुमा पढने विद्यार्थीको संख्या घटि रहेको। बाग्लुङ्ग क्याम्पस त्यहाँ चार हजार भन्दा बढि विद्यार्थी आज अहिले बाह्र सय पन्ध्र सयको हाराहारीमा विद्यार्थी छन्। यो कलेजमा दशौं हजार विद्यार्थी हुन्थ्यो आज यहाँ तीन हजार पैंतिस सयको हाराहारीमा विद्यार्थी संख्या घटदै छन्। प्रत्येक जिल्लामा भएका कलेजहरुले विद्यार्थी पाइ रहेको छैनन्। अब फेरि छुट्टै विश्वविद्यालय गण्डकी प्रदेशले भर्खर खुट्टो राम्रोसँग टेक्न नसकेको सम्बन्धमा अरु धैरै समस्याहरुलाई प्राथमिकतामा राखेर हेर्नुपर्ने कुरालाई ख्याल वास्ता नगरिकन यो कुरा हाम्रो प्रदेशको खाँचो हो, प्राथमिकता हो, जस्तो मलाई लाग्दैन र यो बारेमा सरकार गम्भिर भएर यसलाई पुर्नविचार गरोस् र यस्ता कुरामा हतपत गर्दा यसले वस्तुगत र हाम्रो पूँजीको न्यायोचित खर्च गराईलाई जस्टिफाई पनि गर्छ जस्तो पनि मलाई लाग्दैन अब यसका धारा उपधारामा मलाई यो खाँचै नपर्ने विषयलाई यहाँ धारा उपधारामा धैरै बहस गर्न पनि मैले खोजेन। यसका धारा उपधारामा पनि थुप्रै कुराहरु छन्। थुप्रै समितिहरु छन्। धैरै मानिसहरुलाई रोजगार, केही बेरोजगार मानिसहरुलाई रोजगार तत्कालै दिन सकिने त छ। अब त्यही कुरा हो भने त एउटा पक्ष होला नभए यो यो कुराले यो विश्वविद्यालय अहिले गण्डकी प्रदेशले अलग विश्वविद्यालय बनाउन पर्ने खाँचो र यसको पुष्टि र यो सामाजिक न्याय बजेटको सामाजिक न्यायका हिसाबले वितरण गर्ने खर्च गर्ने प्रणालीमा पनि यसले कुनै तुक राख्छ जस्तो मलाई लाग्दैन। मेरा भनाई यहीं यिनी कुराहरु राख्दै म अरु धारा उपधाराका बारेमा आज सैद्धान्तिक कुरा मात्र भएको हुनाले धैरै गहरिएर जान पनि चाहेको छैन। ती फेरी अरु दफावार छलफलमा अरु कुराहरु राख्नै पर्ने बाध्यता आयो। सरकारले सोचेन यसलाई फिर्ता गर्न चाहेन भने त्यो बारेमा फेरि बोलौंला। मेरा यिनी कुराहरु राख्दै अन्त्य गर्छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, गण्डकी विश्वविद्यालय स्थापना, व्यवस्थापन र संचालन गर्न बनेको विधेयक सामाजिक विकास मन्त्रीज्यूले पेश गर्नु भएको छ। यो विधेयक हाम्रो लागि खुशीको कुरा पनि होला। यो विधेयक हाम्रा लागि आउँदाखेरि राम्रो पनि लाग्ला। हामी सबैले एक पटक चुटकी मारेर भन्न पनि सकौंला तर मूल विषयवस्तु हाम्रो प्रदेश भित्र विश्वविद्यालयको मान्यता पाएका दुई वटा विश्वविद्यालयहरु छन्। एउटा पोखरा विश्वविद्यालय अर्को गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान। यो दुई वटैको रुपमा हामी हेर्दाखेरि हामीलाई एउटा पूर्वाधारको रुपमा एउटा आधार छ। अर्कोतिर हामीसँग भएका धैरै क्याम्पसहरु त्यसको पूर्वाधार सम्पन्न बनाउन सक्ने आधार सहित हाम्रो अगाडी स्थापित छ। ती सबैलाई हामीले हेर्दाखेरि हामी त्यसलाई नजरअन्दाज गर्न पुग्यौं या अर्को नयाँ स्थापना गर्ने एउटा निर्णयमा पुग्यौं। के भयो ? यसमा सरकारले किन सहजीकरण गर्न सकेन र आज यो विधेयक ल्याउनु पर्ने परिस्थिति सिर्जना भयो? यसलाई विधेयक कै ल्याउनु पर्ने हो भने पनि यसको कुनै ठाउँ निश्चित त गर्नु पर्ला यसको कुनै दायरा त होला यसको कुनै मैले यहाँ हेर्दाखेरि त्यसको कहाँ कसरी अहिले यो त एउटा विधेयकको रुपमा तर त्यसलाई कसरी लिएर जाने भन्ने कुराको एउटा मापदण्ड तयार नगरिकन एउटा विधि र एउटा व्यवस्थापनको तयारी आन्तरिक तयारी नगरिकन विधेयक मात्रै आउने कुरा कति जायज छ? मैले यहाँ निर क्वेश्चन गर्न चाहें। दोस्रो कुरा जो हामीले गण्डकी विश्वविद्यालयको स्थापना गर्न भनेर जो खोज्यौं, मुलुकमा एउटा कुरा के छ भने हामी बनाई दिने तर त्यसको क्वालिटी के छ भनेर कसैले नखोज्ने। अहिले हामी यसो हेर्छौं। हामीले त कतिपय युवाहरुले पनि त्यसको नेतृत्व गर्न पाओस् न मतलब त्यो खालको होस् न। यहाँ ४५ वर्ष भनेर राखिदिने के अहिले देखि, अहिले ३० वर्ष, ३० वर्ष भन्दा अगाडी नै विद्यावारिधी गर्छ यदि सरासर मान्छेले पढदै जाने हो भने। त्यो विद्यावारिधी गरि सके पछाडी अर्को दस वर्ष फेरि थपेर जाँदाखेरि सेवा दिंदा मतलब त्यसको अनुभव हामीले खोज्दाखेरि ४० वर्षसम्म उसले

सबै पुरा गर्छ। त्यो अवधि किन न राख्या? हामी ४५ वर्ष मात्रै किन तोक्छौं हामी ४० वर्ष पनि त कुनै युवाले म गर्छु भनेर नेतृत्व गर्छु अथवा त्यो मसँग क्षमता छ भनेर खोज्यो भने त्यसलाई किन हामी किन त्यो ढोका बन्द गर्ने? यि कुराहरु कतिपय प्राविधिक कुराहरुमा पनि त्रुटि भई राखेका छन्। जो यो मुलुकमा भएको क्षमता जो नयाँ र एडभान्स टाइपका जो मान्छेहरु छन् उनीहरुले यो मुलुकको हरेक एकेडमिक क्षेत्रको नेतृत्व गर्ने कुरा त्यो बाट क्वालिटी खोज्ने कुरामा हामी चुक्नु हुन्न। म अहिले पनि राख्न चाहन्छु जो यो धेरै दफाहरु छन्। धेरै कुराहरु छन् अघि पूर्ववक्ता माननीयज्यूहरुले पनि राख्नु भएको छ। मैले धेरै कुरा कोट्याउन भन्दापनि विशेष गरी यो हामीसँग भएको पृथ्वीनारायण क्याम्पस हामीसँग भएको पोखरा विश्वविद्यालय हामीसँग भएको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान यो तीनवटाको बीचबाट अथवा यसलाई हामीले दायाँ बायाँ अरु त्यसैलाई स्थापित गर्ने अथवा अरु कुन रुपमा गर्ने। यसको एउटा विषयसँग तयारीका साथ यो विधेयक आएको भए, राम्रो हुन्थ्यो मैले अझै पनि यो चाँहि सरकारलाई ध्यानाकर्षण के गर्न चाहन्छु भने यो विधेयकलाई तत्काल स्थगित गरेर यसको तत्कालीन व्यवस्थापन पहिला त्यसको आन्तरिक व्यवस्थापन पुरा गरेर, अनि बल्ल अगाडी बढनका निमित्त म आग्रह गर्न चाहन्छु। धन्यवाद । नमस्कार।

**माननीय सभामुख**

माननीय  सदस्य श्री पियारी थापालाई  छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, हामी यतिखेर प्रदेश विश्वविद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक उपर सैद्धान्तिक रुपमा छलफलको क्रममा रहेका छौं। हामी प्रदेशको भविष्य बनाउन गइरहेका छौं। भविष्य कस्तो बनाउने भन्ने विषयमा हामी गहन रुपमा छलफल गई रहेका छौं। प्रदेश भित्र दक्ष जनशक्ति उत्पादन प्रदेशको विकाससँग जोडिएको यो शिक्षा सम्बन्धी संवेदनशील विषय गहन रुपमा अत्यन्त छलफलको आवश्यकता रहेको छ। प्रदेश भित्रका जनशक्तिलाई दक्ष बनाउने, वैज्ञानिक शिक्षा प्रणालीको अवलम्बन गर्ने र विद्यावारिधीका लागि अथवा देश भन्दा बाहिर जाने बाध्यात्मक परिस्थितिको निराकरण गर्ने सँगै निराकरण सँगै विश्वविद्यालयको स्थापना हुनेछ। हामी शुभेच्छा व्यक्त गर्न चाहन्छौं। यसरी लाखौं युवाहरुको भविष्यको तार जोडिएको विश्वविद्यालयमा रहने कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, साथै जनशक्ति व्यवस्थापन परिषद् समितिको गठन प्रक्रिया अत्यन्तै सुस्त ढंगले हुनुपर्छ। यस्ता अति महत्वपूर्ण समितिहरुको गठन गर्ने प्रक्रिया सन्दर्भमा अपनाइने विधिहरु जुन जुन छ। यसको आमूल परिवर्तन हुन आजको आवश्यकता हो। यसलाई फलानोले तोकेको व्यक्ति नियुक्ति गर्ने सन्दर्भमा फलानोले तोकेका व्यक्तिहरु भन्ने जस्ता सदस्यहरुको वाक्याशंको साटो सो स्वच्छ तथा खुल्ला प्रतिस्पर्धाबाट  ल्याउने विधि अवलम्बन गर्नु पर्छ। यसले दक्ष जनशक्तिको निर्माण गर्न मद्दत पुऱ्याउने छ साथै लाखौं दक्ष जनशक्ति उत्पादन गर्ने प्राज्ञिक क्षेत्र अझ बढि जिम्मेवार र नैतिकवान हुनेछ।  आज सबै क्षेत्रमा नैतिक जिम्मेवारीको माथि कडा चुनौति र कडा प्रश्नहरु पैदा भई रहेको छ। यसको यथार्थलाई हामीले भुल्नु हुँदैन। शिक्षालाई जीवन पद्धतिसँग जोडनु आजको आवश्यकता हो। आज शैक्षिक क्षेत्रहरु माथि बेरोजगार जनशक्ति पैदा गर्ने संस्था वा उद्योगको रुपमा जुन आरोप छ यो आरोप हुन पनि हो। आज लाखौं लाख युवाहरु डिग्रीको सर्टिफिकेट कोखिलोमा च्यापेर उपयुक्त, उपयुक्त त कमै छ। उपयुक्त नभए पनि अनुपयुक्त भएपनि जागिर पाइन्छ कि भनेर भौतारिनु पर्ने अवस्था छ। यो कस्तो खालको विडम्बना हो। त्यसकारण हामीले स्थापना गर्न लागेको विश्वविद्यालयले यो विडम्बनाको अन्त्य गर्नेछ भन्नेमा रोल प्ले गर्नेछ म आशावादी छु। अब एउटा क्वालिटीको, क्वालिटी शिक्षाको विषयमा उल्लेखित विधेयक क्वान्टिटीमा मात्रै यसको मात्रामा मात्रै परिवर्तन होइन, यसले गुणस्तरमा पनि परिवर्तन गर्ने शिक्षा,  गुणस्तरीय शिक्षामा पनि एउटा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने आफ्नो भनाई राख्दै आफ्ना छोटा भनाई यही अन्त्य गर्ने अनुमति चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय  सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय प्रभा कोइराला**

सभामुख महोदय, सामाजिक विकास मन्त्रालयले तयार पारेको श्रावण १९ गते गण्डकी प्रदेश, विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक यस सम्मानित सभामा गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीले पेश गरी सक्नुभएको छ। म यसर्थ टिमैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु सभामुख महोदय। सर्वप्रथम त म देशका विभिन्न ठाउँमा बाढि पहिरोबाट धेरै जनको क्षति भएको छ। धेरै जनको क्षति भएको कारण उहाँहरुको उहाँहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु। धेरै घाइते हुनु भएको छ। उहाँहरुको स्वास्थ्य लाभको कामना पनि गर्न चाहन्छु। जोखिममा पर्नु भएकाहरुलाई सतर्कताका साथ रही रहन पनि म अनुरोध गर्न चाहन्छु। सभामुख महोदय, राष्ट्र निमार्ण गर्न जीवन उपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय स्थापना गरी संचालन गर्ने विषयले एउटा ठूलो महत्व राख्छ भन्ने महसुस गरेको छु। गण्डकी प्रदेशमा रहेका विभिन्न महत्वका विषय जस्तै कला, विज्ञान प्रविधि, व्यवस्थापन, कानून, शिक्षा लगायतका विषयमा अनुसन्धानमूलक तथा व्यवसायिक उच्च शिक्षा प्रदान गर्नका लागि गण्डकी विश्वविद्यालय स्थापना गर्ने विषय आफैंमा सरकारले अपनत्वबोध गरेको महसुस गरेको छु। सभामुख महोदय, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारीमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गरी शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा देखिएको एकाधिकारलाई व्यवस्थित र नियमन गरी सेवामूलक बनाउन जनउपयोगी बनाउने उद्देश्यले विश्वविद्यालयको स्थापना गरिएको छ भन्ने महसुस गरेको छु। सभामुखज्यू उच्च शिक्षालाई सहज बनाउँदै गुणस्तरीय र पहुँचयोग्य बनाउँदै विस्तारै विस्तारै निशुल्क बनाउने उद्देश्य सरकारको महत्वपूर्ण उद्देश्य रहेको छ भन्ने महसुस गरेको छु। हरेक नागरिकको व्यक्तित्व विकासका लागि, सामुदायिक सूचना केन्द्र र पुस्तकालयहरुको स्थापना गरी प्रवर्द्धन गर्दै जाने सरकारको नीति आफैमा महत्वपूर्ण रहेको पनि महसुस गरेको छु। स्वस्थ नागरिक बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी गर्दै जाने नीति गुणस्तरीय स्वास्थ्य सेवा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्दै नेपाली परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद क्षेत्रलाई प्राकृतिक क्षेत्रलाई र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको नीजि र सहकारीको लगानीलाई समेत नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउनका लागि यस विश्वविद्यालयको व्यवस्थापन र संचालन विधेयकले महत्वपूर्ण कोशे ढुङ्गा साबित हुनेछ भन्ने महसुस गरेको छु। सभामुख महोदय, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको अविष्कार उन्नयन र विकासमा, विकासमा लगानी अभिवृद्धि गर्दै जाने वैज्ञानिक प्राविधिक भौतिक र विशिष्ट प्रतिभाहरुको समेत संरक्षण गर्दै जनशक्ति परिचालनमा महत्व दिनका लागि पनि यो विश्वविद्यालयले महत्व राख्ने छ भन्ने महसुस गरेको छु। सभामुख महोदय, मलाई के लागि रहेको छ भने यो प्रदेश स्वायत्त हुन पर्छ। जहिले पनि संघले जे जति हामीलाई अधिकार दियो त्यही अधिकारमा सिमित रहेर बस्न पर्छ भने संघीयताको अर्थ के रहन्छ? यस कारण मैले यहाँ धेरै कुराहरु सुनें। अग्रज माननीयज्यूहरुले धेरै कुराहरु भनी रहँदा मलाई के लाग्यो भने हामी अझै पनि संकिर्णताको घेरा भित्र रही रहेको छौं कि भन्ने महसुस गरें। किनभने गण्डकी प्रदेश भनेको संघीयतामा गई सकेपछि प्रादेशिक ढाँचा भनेको आफैमा स्वायत्त हुन पर्छ भन्ने मेरो मान्यता हो गण्डकी प्रदेश सरकारले हरेक निर्णयहरु गरी रहँदाखेरि छायाँ मात्रै परि रहेर बस्ने र हामी गण्डकी प्रादेशिक हिसाबले हामी गण्डकी प्रदेशमा उभी रहँदाखेरि हाम्रो धरातलमा उभी रहँदाखेरि के हाम्रो धरातलमा भूँइचालो मात्रै लानका लागि हामी यो ठाउँमा रही रहन सक्छौं? भोलि हामी उभिएको ठाउँ नै भत्कियो भने के हुन्छ? यसकारण पनि सोंच बनाउनु पर्छ भन्ने मलाई लागेको छ। त्यसकारणले गर्दाखेरि गण्डकी प्रदेश आफैमा स्वायत्त प्रदेश हुन पर्छ। गण्डकी प्रदेशले आयोजना गरेका हरेक विषयहरु गण्डकी प्रदेशले अपनत्व लिएर अगाडी बढन पाउनु पर्छ। तब मात्रै गण्डकी प्रदेशको पहिचान संसारमा पहिलो नम्बरमा आउन सक्छ भन्ने मैले महसुस गरेको छु र यिनै विषयहरु राख्दै गण्डकी प्रदेश स्तरीय विश्वविद्यालयको यो विधेयक एकदमै महत्वपूर्ण छ। यसले महत्व दिने छ र यो विषयमा आधारित हुँदै अगाडी बढन सक्यौं भने हामीले हाम्रा संततिहरुलाई आज अन्तरराष्ट्रिय विमानस्थलमा एक दिनमा सत्र अठार सय भन्दा बढि हाम्रा सन्ततिहरु लामबद्ध भएर विदेशिन बाध्य भएका छन्। ती हाम्रा सन्ततिहरुलाई समेत हाम्रा यी विश्वविद्यालयहरुलाई व्यवस्थित बनाएर अगाडी बढन सकियो भने हाम्रा सन्ततिहरुलाई नेपालमै स्वरोजगारको स्थापना गर्नेदेखिबाट लिएर अनि हाम्रा गाउँहरु अहिले युवा शक्ति हरेक युवा शक्ति विदेशिन बाध्य भएका छन्। हाम्रा गाउँ युवा विहीन भएका छन्। हाम्रा गाँउमा हाम्रा अभिभावकहरुको मृत्यु हुँदाखेरि हामीले युवा शक्तिलाई देख्न पाउने अवस्था छैन। यि सबै अवस्थाहरुलाई मध्यनजर गर्दै यो

गण्डकी विश्वविद्यालयले ल्याएका यि कन्सेप्टहरु हामीले एक दुई गरेर राम्रोसँगले व्यवस्थित सँगले अगाडी बढन सक्यौं भने साँच्चै गण्डकी प्रदेशको एउटा छुट्टै सात वटा प्रदेश मध्येमा छुट्टै पहिचान दिएर अगाडी बढन सक्छौं। लुकेका धेरै विषयवस्तुहरु छन्। नदिनालाहरुलाई यथेष्ट उपयोग गर्न सकिएको छैन। जङगललाई उपयोग गर्न सकिएको छैन। गण्डकी प्रदेश भित्र रहेका हरेक वस्तुहरुलाई हामीले राम्रोसँगले उपयोग गर्न नसकिएको यो अवस्थामा हामीले विश्व, गण्डकी विश्वविद्यालयको स्थापना गरेर अगाडी बढन सक्यौं भने गण्डकी प्रदेशको पहिचानको रुपमा हामी रहन सक्छौं। हाम्रो हामी उभिएको धरातल हामीले बलियो बनाउन सक्छौं। आदरणीय सम्पूर्ण माननीयज्यूहरुलाई विनम्रतापूर्वक म के अनुरोध गर्न चाहन्छु भने धरातललाई नै भत्काउने गरी कसैले पनि विचार संप्रेषण नगरिदिनका लागि पनि मेरो तर्फबाट विनम्र अनुरोध गर्न चाहन्छु। यति भन्दै मेरो नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट र मेरो आफ्नो व्यक्तिगत तर्फबाट यो विधेयक असाध्य महत्वपूर्ण छ। व्यवहारिक रुपमा हामीले जन जनको मन छुने गरी लान सक्यौं भने यो विधेयकले महत्व दिने छ भन्ने विषय राख्दै मेरा भनाईहरु यहाँ अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

(अडियोबाट केही १.१.२९ मिनेटदेखि १.१.५३ सम्म स्वर नआएको)

वास्तवमा यो विधेयक धेरै मेहेनत गरेर आएको छ तथापि यो विधेयक आई रहँदा संविधानका धाराहरु पनि थुप्रै हेर्रै विधेयक आएको हुनु पर्छ जस्तो लाग्छ। धेरै विद्वानहरुले मेहेनत गरेर ल्याउनु भएको छ र मैले थोरै के निवेदन गर्न चाहें भने हामीले यो देशमा विभिन्न कालखण्डमा नेपाली जनताको हक र अधिकारलाई सुनिश्चित गर्न सकेन भनेर यो विधेयकसम्म अहिले यो संविधानसम्म अहिले ७ वटा संविधान फेरेर हामी ७ वटा संविधानको आधारमा टेकेर हामीले राज्य सञ्चालन गरिरहेको अवस्थाहरु छ। तथापि हामीले सदनमा विधेयकहरु पेश हुन्छ र पेश भई रहेका विधेयकहरु अक्षरलाई क र फुलस्टप पनि चेन्ज गर्न नखोज्ने वातावरण हामीले सिर्जना गरेका छौं। त्यसले गर्दा यो छलफलको सान्दर्भिकता के हो भन्ने महत्व राख्छ र यसको पनि खोजी गर्नु पर्छ भन्ने जस्तो लाग्दछ। त्यसकारणले हामीले कम से कम यसलाई घनीभूत रुपमा यसलाई छलफल गरेर यसलाई टुङ्गयाउनु पर्छ भन्ने मलाई लाग्छ र अर्को कुरा जब विधेयक पेश भई सकेपछि विधायन समितिले यसको टिपोट गर्ने हो कि पेश गर्ने टिपोट गर्ने हो। कसरी यसको सुरुवात हुन्छ र त्यो फाइनलमा पुग्दा कसरी पुग्छ भन्ने कुरा नि हामीले अहिलेसम्म बुझ्न सकेका छैनौं। यसको पनि जरुरी छ भन्ने मलाई लाग्दछ र जबसम्म विश्वविद्यालयको कुरा गरीरहँदा अहिले हामीले जुन विश्वविद्यालयका कुराहरु सुनेका छौं। विश्वविद्यालयहरु धरासाही अवस्थामा पुग्ने र अनियमितता हुने भ्रष्टाचार हुने खालका अवस्थाहरु सुनेका छौं। त्यति मात्र नभएर अहिले हामीले सुन्ने गरेका छौं, सत्य तथ्य के हो मिडियामा धेरै कुराहरु आउँछ। ६ लाई ६९ गराएर पनि पास गरेको एकदम लोगो लगाउने त्यसलाई अवार्ड दिने खालको वातावरण सिर्जना भएको सुनिएको छ। के यही अवस्थामा गयौं भने के हाम्रो गण्डकी प्रदेशको विश्वविद्यालयले हामीले सोचे जस्तो कल्पना गरेको जस्तो विश्वविद्यालय बन्न सक्ला? त्यसको निम्ति पनि हामीले सोच्नु पर्छ भन्ने मलाई लाग्छ र हाम्रो पोखरा विश्वविद्यालय छ र त्यसलाई हामीले अगाडी बढाउने केही अर्थ नयाँ विश्वविद्यालय स्थापना गर्ने भन्ने पनि हामीले सोच्नु पर्ने होला र यसै सन्दर्भमा मैले थोरै कुराहरु अगाडी बढाउन चाहें। केही बुँदाहरु मैले यहाँ राख्न चाहें। सर्वप्रथम त गण्डकी प्रदेशको विश्वविद्यालय स्थापना गरिरहँदा यस अगाडी यस अघि गठन भएका विभिन्न विद्यालयहरुमा भएका अनियमितता, कुशासन, शैक्षिक स्तर भएका कमि कमजोरी पुन: नदोहोरिने गरी गरियोस यो विश्वविद्यालय गठन तिर लाग्नु पर्ने हामी सबैको आवश्यकता रहेको यस सदनमा ध्यानाकर्षण गराउन चाहन्छु र वास्तवमा यो नयाँ विश्वविद्यालय खोल्न आवश्यक छ कि छैन भन्ने कुरालाई हामीले गहन छलफल गर्न पर्छ जस्तो मलाई लाग्छ र अब म यस विधेयकमा व्यवस्था गरिएका दफाहरुको मेरो अध्ययन अनुसार पाएका कुराहरुमा मेरा विचारहरु सुझावहरु राख्न चाहन्छु। यस विधेयकको दफा ५ बमोजिम गठन हुने प्रमुख ४ वटा ठूलो ठूलो संरचनाहरु यसले गठन गर्ने जस्तो देखिन्छ न्यासिक परिषद, कार्यकारी परिषद, विज्ञ परिषद, प्रज्ञा परिषद र विज्ञ मण्डल लगायतका नीति निर्माण तथा कार्यान्वयन परामर्श दिने समितिहरु गठन हुने देखिन्छ। यी समितिहरुमा झण्डै ५० जना जति पदाधिकारी जति रहेको देखिन्छ। त्यसै गरेर अन्य आन्तरिक समितिहरु लगभग १८-२० वटा जति गठन हुने देखिन्छ त्यसमा एक सय भन्दा बढि कर्मचारीहरु त्यहाँ चाँहि पदाधिकारी हुने देखिन्छ। तर नेपालको संविधानको धारा, नेपालको संविधान, संविधानको ७२ ले

अङ्गिकार गरेको, गरेको समावेसी सिद्धान्त र धारा ४० ले सुनिश्चित गरेको नेपालको झन १४% भन्दा बढि दलित लगायत अन्य सिमान्तकृत समुदायको सहभागितालाई विधेयकमा आत्मसात गर्न सकेको देखिदैंन। तसर्थ विधेयक अन्तर्गत गठन हुने समितिहरुमा दलित लगायत अन्य पिछडिएको समुदायको उचित प्रतिनिधित्व सुनिश्चित गराउने यस विधेयकमा समावेश गरियोस् भन्ने माग गर्न चाहन्छु। यदि संविधानले व्यवस्था गरेको, यदि संविधानमा व्यवस्था गरेको कुरालाई पनि यति विज्ञले त्यसमा विज्ञले पनि ध्यान दिनु पर्छ कि पर्दैन होला। त्यसलाई समावेश गर्न हामीले सर्ल्लकै पन्छाएर यो ल्याउँदाखेरिमा कति न्यायोचित हुन्छ भन्ने कुरा मलाई लाग्दछ र यस विधेयकको दफा ७ को उपदफा ५ को व्यवस्था गरे अनुसार न्यायिक परिषदको १८ जना सदस्यको आन्तरिक नियुक्ति प्रदेश प्रमुखले गर्ने व्यवस्था सुशासन पारदर्शी सिद्धान्त विपरीत हुने भएकोले प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रतिपक्ष दल नेताको समेत सहभागितामा सदस्य नियुक्ति गर्ने व्यवस्थाको लागि जोडदार माग सहित सुझाव राख्न चाहन्छु। के यो एक जना मुख्यमन्त्रीले मात्रै जबसम्म यो समितिको सदस्यहरु नियुक्ति गर्ने यसले न्यायोचित र पारदर्शी होला त ? अधिनायकवाद तिर जान खोज्यो कि? मनपरि ढंगबाट जान खोज्यो कि? जबसम्म त्यति प्रज्ञा जबसम्म त्यति ठूलो संस्थामा नियुक्ति गर्ने सन्दर्भमा आज मुख्यमन्त्रीज्यूले मात्रै एकल निर्णय कुनै पनि निर्णय एकल निर्णय भयो कस्तो होला? त्यस कारणले हामीले सुन्ने गरेका यस भन्दा अगाडी बन कार्यालयमा मुद्दा पऱ्यो भने डिएफओले एकल निर्णय गरिदिएपछि जे निर्णय गरेपनि लागु हुने कुरा हामीले सुनेका थियौं। त्यस्तै खालको यो त्यो ढंगबाट आएको मलाई लाग्दछ। त्यसले गर्दा यसको लागि गम्भिरतापूर्वक म आग्रह गर्न चाहन्छु। त्यसै गरी विधेयकको, त्यसै गरी विधेयकको ७ नम्बर दफा (३) अनुसार गठन हुने न्यायिक परिषदमा विदेशी नागरिक पनि राख्ने व्यवस्था, राख्ने व्यवस्था संविधान हो या कति न्यायोचित छ? छैन भने स्पष्ट पार्नको लागि माग गर्दै के विदेशीलाई हामीले यो विश्वविद्यालयमा समितिमा राख्नको लागि हामीले कत्तिको न्यायोचित छ? हाम्रो संविधानले त्यो व्यवस्था गऱ्यो कि गरेको छ? त्यसको लागि पनि म यहाँ सुझाव राख्न चाहन्छु र अर्को यस विधेयकको दफा १० मा व्यवस्था गरे अनुसार न्यायिक परिषदमा, न्याय परिषदमा पदाधिकारी एवम् सदस्यहरुलाई पदमुक्त गर्ने सम्बन्धमा गठित गर्ने तिन सदस्य छान्ने समिति प्रस्तावित सदस्यहरुको सहित प्रदेश सभामा प्रतिनिधित्व गर्ने विपक्ष दलका माननीय सदस्य समेतको छानबीन समिति गठन गर्नको लागि अनिवार्य देखिएकोले यसर्थ सोही अनुसारको समिति गठन गर्नको लागि सुझावसाथ पेश गर्दछु र यो, हामीले जति यो अहिले नयाँ विश्वविद्यालय स्थापना गरेमा नि हाम्रो प्रदेशको खर्चले धान्न सक्छ कि सक्दैन त्यसकारणले अहिले भई रहेको विश्वविद्यालयलाई हामीले त्यसलाई अगाडी बढाउन सकेमा नि यो प्रदेशको खर्चमा नि न्यूनिकरण भएको हुनाले त्यो कुरा पनि ध्यान जाओस् भन्ने भनेर मैले आफ्नो भनाई यहाँ अन्त्य गर्छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र संचालन गर्न बनको पर्ने विधेयकको सैद्धांन्तिक छलफलको क्रममा उपस्थित भएको छु। संविधानको भाग ३, धारा २१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था छ। संविधानको अनुसूची ६ ले प्रदेश विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षा र पुस्तकालय संग्रहालयको संघको अधिकार प्रदेश सरकारलाई प्रदान गऱ्या छ। यस हिसाबले विश्वविद्यालय स्थापना गर्ने कुरा प्रदेश सरकारको आफ्नो क्षेत्राधिकार भित्रको कुरा हो। यो प्रदेश सभा गठन भई सकेपछि यसको पहिलो अधिवेशनमै प्रदेश सरकारका तर्फबाट प्रस्तुत भएको नीति कार्यक्रममा गण्डकी विश्वविद्यालय स्थापना गर्ने कुरा प्रस्तुत भएको छ र त्यो यो गण्डकी प्रदेश सभाले अनुमोदन गऱ्या छ। यस कारणले प्रदेश सभा स्थापनाका निमित्त ल्याइएको यो विधेयक हाम्रो दुई वर्ष अगाडी नै हामीले अनुमोदन गरेको कार्यक्रम भित्रबाट यो आएको छ भन्न ठान्दछु। यस कारणले गर्दा म यसको सैद्धान्तिक आधारमा मात्रै अलि छलफल चाहन्छु। दफावार छलफलको क्रममा म आफ्नो विचार राख्ने नै छु। एउटा राष्ट्रले आफ्नो संमृद्धि प्राप्त गर्न विकास गर्नका निमित्त सबैभन्दा धैरै उसले वहन गर्नु पर्ने क्षेत्र मानव हो। मावनश्रोतको सबैभन्दा भरपर्दो र उपयोगी क्षेत्र उसले प्राप्त गर्न सकेन मानवश्रोत कमजोर भयो भने त्यो मुलुकले संमृद्धि प्राप्त गर्न सक्दैन। त्यस कारणले यो प्रदेशको हकमा पनि यो

प्रदेशको विकासका निमित्त, यो प्रदेशको संमद्धिका निमित्त, आगामी वर्षौंसम्म हामीले कसरी अगाडी जाने भन्नका निमित्त आज हामीले दक्ष मानवश्रोत तयार गर्नु पर्दछ। मानवश्रोत तयार गर्नका निमित्त सबभन्दा धेरै ज्ञानको उत्पादन पुनरुत्पादन र वितरण गर्ने केन्द्र भनेको विश्वविद्यालय हो। यसकारणले गरी ज्ञानको उत्पादन, पुनरुत्पादन र वितरण गर्नका लागि विश्वविद्यालयको आवश्यकता सरकारले महसुस गरी सकेपछि उसले पढाउने विषय उसले उसले देखिएको क्षेत्र के हो त्यो कुरा पनि अलि स्पष्टताका साथ पनि अगाडी आएका भए, यसका बारेमा छलफल भएका भए राम्रो हुन्थ्यो भन्ने लाग्छ। सरकारलाई राखिने सुझाव हो। यद्यपि म के विश्वास गर्छु भने सरकारका तर्फबाट यथेष्ट मात्रामा यस विषयमा छलफल भएका होलान्। विद्वानहरुसँग छलफल र कुराकानी भएका होलान र त्यसका आधारमा यो आएको होला भन्ने विश्वास छ, लिन चाहन्छु। त्रिभुवन विश्वविद्यालय स्थापना गर्दाखेरि लक्ष्मीप्रसाद देवकोटाको सोच, उद्देश्य र कल्पनाका आधारमा हामीले त्यो कुरालाई अगाडी बढाएका थियौं र आज त्यो पनि विश्वविद्यालय हाम्रो बिचमा छन्। अरु धेरै विश्वविद्यालयमा धेरै गर्व गर्न लायक प्राज्ञिकहरुले यसको नेतृत्व गर्नु भएको छ। म आशा गर्छु र म कल्पना गर्छु र मलाई सही हुने बाटोमा उभिन सक्ने गरी यो रोष्ट्रममा उभिरहँदा मलाई गर्न गर्नु आधार पाउँदा पनि यसको कल्पना यसको डिजायन हुने साथीहरु भोलिका पुस्ताले गर्व गर्ने लायककै विद्वान हुनु होला विश्वास राख्न चाहन्छु। चिनियाहरुले के भन्छन् भने तिमि एक वर्षका लागि केही गर्न चाहन्छौ भने धान रोप, दस वर्षका लागि बिरुवा रोप, सय वर्षका लागि शिक्षामा लगानी गर भन्छन लगानीका कुरा गर्दा चिनियाहरु पो। आज हामी चिनियाका धेरै कुरा गर्छौं यस कारणले हामीले सय वर्ष पछिका लागि आज शिक्षामा लगानी गर्दैछौं। गण्डकी प्रदेश सरकारका तर्फबाट यो विश्वविद्यालय स्थापना गर्दैछौं भने यस वर्ष पछिको गण्डकी प्रदेशका निमित्त चाहिने मानवश्रोत, त्यसको विकास र त्यसले प्राप्त गर्ने उपलब्धीका बारेमा लक्षित गरेर आज हामीले यो विषयमा गम्भिरतापूर्वक छलफल गर्नुपर्ने यो हाउसले निर्णय गर्नु पर्दछ भन्ने लाग्छ। आज हामीसँग धेरै खालका चुनौतिहरु छन्। विज्ञान र प्रविधिले ल्याएका चुनौतिहरुका कारणले हाम्रा सोच र दृष्टिकोणका कारणले हिजो हामीले उठाई रहेका कतिपय हाम्रो मुद्दाहरु पुराना भएका छन् र नयाँ नयाँ मुद्दाहरु आएका छन्। विशेष गरी प्रविधिका क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स भन्छौं हामी। ए.आई.को क्षेत्रमा आएका यति धेरै कामहरुका सन्दर्भमा ज्ञानका कुरा त्यसको सीपको कुरा त्यसका कानूनी आधारहरु खोज्नका निमित्त विश्वविद्यालयले आफ्नो ज्ञान प्रदान गर्ने गरी आफ्नो शैक्षिक क्षेत्रको वृहत्तर कल्याण गर्ने गरी यो विश्वविद्यालय अगाडी जाने छ भन्ने विश्वास गर्न चाहन्छु। एक्काइसौं शताब्दि विज्ञान र प्रविधिको शताब्दि हो विज्ञान र प्रविधि बिना अगाडी जान सक्दैनौं आज हामीसँग भई रहेका विद्यालयले उत्पादन गरेका। जुन जनशक्ति आज हामी छौं हाम्रो समाजमा छ, त्यो गण्डकी प्रदेशका निमित्त अहिले अर्काले उत्पादन गरिदिएको जनशक्ति हो। त्यो त्रिभुवन विश्वविद्यालयले, पोखराले वा अरु कुनै विश्वविद्यालयबाट उत्पादन भएको होला। विदेशको कुनै विश्वविद्यालयबाट आउनु भएको होला। सरकारले ठाने यो जनशक्तिले भन्दा म आफै जनशक्ति उत्पादन गरेर वृत्तहर हितका निमित्त जान सक्छु। जानु पर्दछ भन्ने ठम्याउने सरकारको दृष्टिकोण सराहनीय छ र आफैले उत्पादन नगर्दासम्म आफ्नो जनशक्ति प्राप्त नगर्दासम्म कुनै पनि प्रदेशले, कुनै पनि मुलुकले संमृद्धि प्राप्त गर्न सक्दैन। कसरी हामी हाम्रो सामाजिक विकासका निमित्त कसरी हाम्रो शैक्षिक उन्नयनका निमित्त कसरी हाम्रो प्रविधिका विकासका निमित्त कसरी हाम्रो उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा काम गर्न सक्छौं भन्ने कुरामा आजैबाट अध्ययन गर्ने अनुसन्धान गर्ने जनशक्ति तयार गर्ने कुरा प्रदेश सरकारको निमित्त अत्यन्त जरुरी कुरा हो र यो कामका लागि हामीसँग चुनौतिका पहाड पनि छन्। अवसरका मैदान पनि छन्। दुई वटै चीजका लागि हामी सामना गरेर अगाडी बढनु पर्छ। जुन मुलुकले यि सबै चीजलाई सामना गरेर अगाडी बढ्छ, उसले नै संमृद्धि प्राप्त गर्छ। आज दुनियाँमा हामीले गर्व गर्न लायकका विकास गरी रहेका धेरै मुलुकहरुले आफ्नै ज्ञानमा आफ्नै सीपमा आफ्नै क्षमतामा निर्भर गरेर मात्रै हो। आज हामीले भर गरेको ज्ञान सीप र क्षमता अन्तबाट ल्याइएको बरो गरिएको छ। त्यो ज्ञान सीप र क्षमता हाम्रो माटो सुहाउँदो, हाम्रो प्रकृतिसँग, हाम्रो भूगोलसँग तादम्यता नराख्ने पनि हुन सक्छ। त्यसकारणले कहिं कहिं हामी चुकेका पनि छौं। कहिं कहिं हाम्रो डिजायनहरु बिग्रेका पनि छन्। कहिं हामीले सफलता प्राप्त गर्न सकेका पनि छैनौं। यो सब कुराका निमित्त यो विश्वविद्यालयले यी सबै अनुभवको आधारमा अगाडी जाने बाटो तयार गर्छ होला भन्ने लाग्दछ। त्यसमा विश्वास राख्न चाहन्छु। त्यसकारणले संमृद्ध मुलुक बाटो बन्ने बाटोमा लाग्ने हो भने हाम्रो आफ्नै विश्वविद्यालय हुने कुरा गर्वको कुरा हो। तर यो विधेयकमा मैले छुटेको एउटा पाटो मलाई लागेको छ। मैले प्राप्त गरेको एउटा पाटोमा अर्थ मन्त्रालयको सहमति देख्दैन। पत्र छैन तर सहमति त गरेकै होला भन्ने म विश्वास गर्छु। धेरै आर्थिक व्यय भार हुन्छ गण्डकी प्रदेशलाई। धेरै आर्थिक व्ययभारका आधारमा त्यहाँबाट उत्पादन गर्ने

जनशक्ति पछिल्ला समयका लागि लाग्ने हो भने हाम्रो अर्थतन्त्रले यसलाई कति थेग्छ भन्ने कुरामा छलफल गर्न जरुरी छ। विश्वका कतिपय स्टेट यूनिभर्सिटीहरु त्यहाँका धेरै उद्योगपतिहरुले धेरै लगानीकर्ताहरु लगानी गर्‍या छ। हामी कहाँबाट त्यो फण्डिङ्ग जुटाउँछौं भन्ने चीजमा पनि छलफल प्रारम्भ गर्नु पर्छ। त्यसका आधारमा टेकेर हामीले विधेयकलाई अगाडी बढाउनु पर्छ होला भन्ने पनि ठान्दछु। यि सबै चीजहरुका बिच हामीले छलफल गर्दाखेरि हामीले टेक्न खोजेको हामीले हेर्न खोजेको हिड्न बाटोका हिसाबले गण्डकी प्रदेश आफ्ना निमित्त आवश्यक हुने सबै खालका दक्ष जनशक्तिहरु उत्पादन गर्नका निमित्त आफै लागेर अगाडी बढदछ भन्ने सन्देश विश्वविद्यालयको विधेयकले दिन खोजेको छ यसकारणले यो विधेयक प्रति व्यक्तिगत हिसाबले पार्टीका तर्फबाट समर्थन गर्न उभिएको छु र समर्थन पनि गर्दछु। अरु धेरै कुराहरु छन् । हामी दफावार छलफलमा रहने छौं। धन्यवाद।

## माननीय सभामुख

अब माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर

माननीय सभामुख महोदय,  गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक माथि माननीय सदस्यज्यूहरुले जुन सुझावहरु दिनु भएको छ। म सुझावको लागि धन्यवाद दिन चाहन्छु र केही आफ्ना भनाईहरु राख्न चाहन्छु। विशेष गरीकन हाम्रो अहिलेको शिक्षा पद्धति सत्तरी प्रतिशत साधारण र तीस प्रतिशत प्राविधिक र हामीले भन्दै आएका छौं सत्तरी प्रतिशत प्राविधिक बनाउनु पर्छ र तीस प्रतिशत साधारण बनाउनु पर्छ। यही हाम्रो उदघोषको पहिलो पाइला, प्रदेश गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन, सञ्चालन गर्न बनेको विधेयक यो पहिलो पाइला हो। अहिले हाम्रो प्रदेशबाट हाम्रो देशबाट धेरै विद्यार्थीहरु जो राम्रो नम्बर प्राप्त गरेका छन् ती विद्यार्थीहरु विदेशिएका छन्। विद्यार्थीसँगसँगै नेपाली मुद्रा पनि विदेशिएको छ। त्यसैले राम्रा विद्यार्थीहरु र नेपाली मुद्रालाई आफ्नै प्रदेशमा रोक्नको निम्ति हामीले यो गण्डकी विश्वविद्यालय सञ्चालन गर्ने, गण्डकी प्रदेश सरकारले आफ्नो नीति बनाएको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु। हामीले विदेशमा गएका विद्यार्थीहरुले पढने मात्रै हैन, पढने सँगसँगै आंशिक रोजगारी पनि प्राप्त गर्ने भएको कारणले गर्दाखेरि हाम्रा विद्यार्थीहरु विदेशिएका छन् त्यसैले हामी यो हाम्रो गण्डकी विश्वविद्यालयभित्र प्राविधिक शिक्षालाई पनि हामी जोडने कोशिशमा छौं र त्यसैले हाम्रो यो विधेयकमा प्राविधिक प्रतिष्ठान भनेर हामीले जोडेका छौं। त्यसैले यहाँ धेरै कुराहरु उठेको छ। यो विभिन्न यहाँ कलेजहरु छन्। किन प्रदेशलाई अर्को विश्वविद्यालय बनाउनु पर्‍यो भन्ने कुरा पनि आएको छ। म केही समय अगाडी काठमाडौं जाने बेलामा प्रदेश सभाको सदस्यलाई पनि माननीय सदस्य भन्छन् र ? भन्नेको क्वेशचन गर्नु भएको थियो एक जना साथीले, त्यति बेला मलाई अचम्म लागेको थियो। प्रतिनिधि सभाको सदस्य एउटा निर्वाचन क्षेत्रबाट संघको निर्वाचन भित्र जनताले मतदान गरेका छन्। त्यसको आधा जनसंख्याले प्रदेश सभाको सदस्यलाई पनि मतदान गर्‍या छन्। त्यसो भएको हुनाले प्रतिनिधि सभाको सदस्यलाई मात्रै माननीय हैन प्रदेश सभाको सदस्यलाई पनि माननीय भनिन्छ। यो अण्डर एस्टिमेट नगरम मैले त्यति बेला बोल्या थिएं। अहिले साथीहरुले जरुरी छैन कि भन्ने कुरा पनि उठाउनु भएको छ। सामाजिक विकास मन्त्रालयले अघिल्लो वर्षको बजेटबाट कुन ठाउँमा गण्डकी विश्वविद्यालय स्थापना गर्न सकिन्छ अथवा सञ्चालन गर्न सकिन्छ भनेर एउटा कार्यदल गठन गरेको थियो। त्यो कार्यदललाई मैले थोरै संकेत गरेको थिएं। हाम्रो मुख्यमन्त्रीज्यूसँग सल्लाह गरेर संकेत गरेको थिएं। संरचनाहरु भई रहेको क्याम्पसहरुलाई लिंदाखेरि हामीले संरचना बनाउनु नपर्ला र हाम्रै कार्यकालमा भनेको जस्तै गरे पनि सञ्चालन गर्न सकिएला भन्ने हिसाबले संकेत गरेको थिएं। त्यसैले त्यो कार्यदलले पोखरा यूनिभर्सिटी पृथ्वी नारायण क्याम्पस डब्लु आर सिको नामलाई अगाडी ल्याएको थियो। हामीले उहाँसँग हाम्रो कार्यदलले भेटने छलफल गर्ने काम पनि गर्‍या थियो तर तपाईंहरुलाई कति जानकारी छ प्रदेश सरकार भन्दा धेरै मान्छेको पनि संघीय नेपाल सरकारको ठूलो यहिसँग टाँसिनु पर्छ भन्ने विचार छ। कुनै ठाउँमा म अहिले भन्न चाहन्न। कुनै ठाउँमा हाम्रो कार्यदलको फोन रिसिभ गरिएको छैन। यसो भाको कारणले गर्दाखेरि हामीले हाम्रो आफ्नै छुट्टै ठाउँमा गएर गण्डकी विश्वविद्यालय स्थापना गर्नु पर्छ भन्ने सोचमा त्यो निष्कर्षमा प्रदेश सरकार पुगेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु। सँगै अहिले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल सरकारको मातहत छ। हाम्रो नजिकै छ। समस्याहरु हाम्रा प्रदेश सरकारका नागरिकले हामीले हामीलाई सुनाउने गर्छन् तर त्यो नेपाल सरकारको मातहत भएको कारणले गर्दाखेरि प्रदेश सरकारको कुनै भूमिका त्यहाँ भित्र देखिंदैन। मैले पटक पटक भनेको छु त्यो पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई नेपाल सरकारले

सञ्चालन गरोस तर अनुगमन गर्ने जिम्मा प्रदेश सरकारलाई दिनु पर्छ हामीले पटक पटक माग गरेका छौं तर त्यति सानो कुरा पनि पुरा हुन सक्या छैन त्यसैले माननीय सदस्यज्यूहरु हामीले पृथ्वी नारायण क्याम्पसलाई प्रदेश सरकारको मातहत ल्याउन तपाईले भने जस्तै सजिलो छैन। पोखरा यूनिभर्सिटीलाई प्रदेश सरकारको मातहत ल्याउन हामीले सोचे जस्तो सजिलो छैन र हामीले त्यो भित्र गएर हाम्रो सोच अनुसार हाम्रो शिक्षालाई अगाडी लान सक्ने अवस्था नभएको कारणले गर्दाखेरि प्रदेश सरकारले आफ्नो छुट्टै गण्डकी विश्वविद्यालय स्थापना गर्नको निम्ति यो विधेयक अगाडी ल्याएको कुरा यहाँहरुको बिचमा जानकारी गराउन चाहन्छु। केही माननीय सदस्यज्यूहरुले विदेशी नागरिकहरुको कुरा पनि गर्नु भएको छ। हाम्रो विश्वविद्यालयलाई दाताको रुपमा आर्थिक सहयोग गर्ने बौधिक हिसाबले सहयोग गर्ने विदेशी नागरिकहरुले गर्न चाहे भने न्यासिक परिषदमा ल्याउनु पर्छ कि भन्ने हिसाबले हामीले यो विधेयकमा यो न्यासिक परिषदमा विदेशी नागिकहरुलाई पनि राख्ने सक्ने अलि खुला बाटो खुला गरेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु। अरु धैरै कुराहरु तपाईले अगाडी बढाउनु भएको छ। फेरि पनि यो विधेयक विधायन समितिमा जानेछ। सम्पूर्ण माननीय सदस्यहरुले घनीभूत छलफल गर्नुहुने नै छ। असाध्य राम्रो बनाएर अर्को पटक यो सदनमा ल्याउनु हुने छ। तपाईहंरुको विचार हामी सबैको विचारलाई मिलाएर यो गण्डकी विश्वविद्यालय स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकलाई राम्रो ऐनको रुपमा परिणत गर्नेछौं र हाम्रो हामीले सञ्चालन गरेको विश्वविद्यालय भ्रष्टाचारमुक्त विश्वविद्यालय बन्ने छ। हामीले सञ्चालन गरेको विश्वविद्यालय राजनैतिक हस्तक्षेपमुक्त विश्वविद्यालय बन्ने छ। हामीले सञ्चालन गरेको विद्यालय, विश्वविद्यालय अनुसन्धानको थलो बन्ने छ। त्यो विश्वविद्यालयमा प्राज्ञिक व्यक्तिहरुको बुद्धि विचार लाग्ने छ र नमूना विश्वविद्यालय गण्डकी प्रदेशको बनाउने कुरा यहाँहरुको बिचमा प्रतिबद्धता व्यक्त गर्दै मैले आफ्नो भनाईलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

अब यो छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अव म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई मिति २०७६ साल साउन १९ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको ‘‘गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक’’ दफावार छलफलको लागी विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन १९ गते प्रस्तुत भएको र मिति २०७६ साल साउन २० गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी विश्वविद्यालय स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १(ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्छ’’ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्न’’ भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले ‘‘हुन्छ’’ भन्नुहोस् ।
(‘‘हुन्छ’’ भनिसकेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

''हुन्न'' भन्ने आवाज सुनिएन, तसर्थ ''गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक'' दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर (७२) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ। उक्त विधेयक संशोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल साउन २६ गते दिनको १ः०० बजे सम्मको लागि स्थगित हुन्छ ।**